नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# उद्योग विभाग

## औद्योगिक सम्पत्ति शाखा

# सूचना

विभिन्न औद्योगिक उत्पादन तथा सेवामा ट्रेडमार्क प्रयोग गर्ने गरी आवेदन दिई विभागमा दर्ता भै दर्ता प्रमाण पत्र लिएका ट्रेडमार्कहरूको (प्रयोगको) सम्बन्धमा यो सूचना प्रकाशित गरिएको छ । कुनै उत्पादन वा सेवामा प्रयोग गर्ने उद्देश्यले कुनै ट्रेडमार्कको आवेदन दर्ता भै पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन २०२२ को दफा १८ ग बमोजिम दर्ता प्रमाण पत्र जारी भएको मितिले १ वर्ष सम्ममा दर्ता भएको ट्रेडमार्क प्रयोगमा नल्याएमा विभागले आवश्यक जाँचबुझ गरी त्यस्तो ट्रेडमार्क दर्ता खारेज गर्न सक्ने सोही ऐनमा व्यवस्था भएको सबैमा अवगत नै छ । अतः विभागमा दर्ता भै प्रमाण पत्र लिनु भएका सबै ट्रेडमार्क धनी उद्योगी व्यवसायीहरूले आफूले लिएको ट्रेडमार्क प्रयोग भए नभएको स्पष्ट प्रमाण सहित तोकिएको म्यादभित्र विभागको औद्योगिक सम्पत्ति शाखामा जानकारी गराउनु हुन सूचित गरिन्छ । ऐनले तोकिएको अवधिभित्रमा प्रयोग भएको जानकारी विभागमा नगराएमा कानून बमोजिम कारवाहीको प्रक्रियामा जाने व्यहोरा समेत सम्बन्धित सबैमा यसै सूचनाबाट जानकारी गराइन्छ ।